नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

## जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुको अनुरोध

कपिलवस्तु जिल्ला धार्मिक, सांस्कृतिक तथा सामाजिक विविधताले सम्पन्न जिल्ला हो। यहाँको विविधता हाम्रो साझा सम्पत्ति, पहिचान र गौरव हो। आउदै गरेको विजयादशमीको अवसरमा दुर्गा मूर्ति स्थापना, धार्मिक र्‍याली, मूर्ति विसर्जन तथा अन्य धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्दा आपसी सद्भाव, धार्मिक सहिष्णुता र सार्वजनिक सुव्यवस्थालाई उच्च प्राथमिकता दिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौ। मूर्ति विसर्जनका क्रममा हुन सक्ने भीडभाड, विवाद, झैझगडा, अवाञ्छित घुसपैठ, उत्तेजनात्मक गतिविधि नगर्न/नगराउन सबैमा अनुरोध छ। त्यसैगरी, धार्मिक आस्थामा चोट पुग्ने अभिव्यक्ति, एकअर्काको धर्म वा संस्कृतिप्रति अपमानजनक व्यवहार, सामाजिक सञ्जालमार्फत अफवाह तथा भ्रामक सूचना सम्प्रेषण, घृणा वा द्वेष फैलाउने गतिविधि, ध्वनि प्रदूषण तथा सार्वजनिक शान्तिमा असर पार्ने कार्य नगर्न/नगराउन सबैमा अपिल गरिन्छ। साथै गैरकानुनी गतिविधिमा संलग्न भएको पाइएमा जो कसैलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

अन्त्यमा, विविधतामा एकता, परस्पर सम्मान, धार्मिक सहिष्णुता र सामाजिक सद्भावलाई हाम्रो साझा पहिचानका रूपमा स्थापित गर्दै आसन्न विजयादशमी तथा शुभ दीपावलीको पावन अवसरमा कपिलवस्तुवासी सम्पूर्ण आमाबुबा, दाजुभाइ, दिदीबहिनी तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

मिति २०८३।०६।३०

२०८३।६।३०
अविश्वर घिमिरे
सहायक प्रमुख जिल्ला अधिकारी